"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गाल्जे,कालीकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२

मितिः२०८१/०४/०३

सूचना नं.०१

ने.सं. :११४४ दिल्लाथ्व १२ बिहिबार

श्री सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु सबै,
तिलागुफा नगरपालिका, कालीकोट ।

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली २०७६,(संशोधन सहित) को नियम ९ बमोजिम आ.व. २०८१/०८२ का लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८१ श्रावण १ गते देखि भाद्र मसान्त भित्र देहायका कागजातहरु संलग्न राखि परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनहुन अनुरोध गरिन्छ । साथै तोकिएको समयमा सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वतः लाभग्राहीहरुको लगतकट्टा हुने र त्यस्ता लाभग्राहीहरुले पुनः सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।
पुनश्चः सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीले राष्ट्रिय परिचयपत्र नम्बर र बैंक खाता समेत अध्यावधिक गर्न गराउन अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरु:**

- जेष्ठ नागरिकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपि
- १६ वर्ष भन्दा माथिका लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र अनिवार्य लिई आउनुपर्नेछ ।
- वालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अपाङ्गता भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,१६ वर्ष मुनिको भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिप वा १६ वर्ष माथिको भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- असहाय एकल/विधवा महिलाको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि, पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ।
- पासपोर्ट साइजको फोटो १ प्रति

नोटः बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नंम्बरबाट विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । साथै यदि लाभग्राहीले नवीकरणका लागि निवेदन पेश नगरी सामाजिक सुरक्षा छुट्न गएमा स्वयम् लाभग्राही आफै र लाभग्राहीले समयमै वडा कार्यालयमा निवेदन दिएको तर वडा कार्यालयबाट नवीकरण छुट्न गएमा सम्बन्धित वडा कार्यालय जिम्मेवारी हुनुपर्नेछ ।

देवकिरण बुढा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री सूचना प्रविधि अधिकृत Website मा सूचना Upload गरिदिनहुन ।
श्री वडा कार्यालय सबै, सूचना पाटी र आफ्नो वडाभित्र सूचना टाँस गरिदिनहुन ।

देवकिरण बुढा
(प्रमुख प्रशासकिय अधिकृत)